## ९. सम्पादन गरेको कामको विवरण

### आ.ब. २०८०/०८१ कात्तिक, मंसिर र पौष**सम्म**

**१. युवा परिचालन तथा परामर्श शाखाबाट सम्पादित कार्यहरु**

- युवा प्रकाशन बार्षिक बुलेटिन प्रशासनका लागि लेखक तथा विज्ञहरुबाट लेख रचनाहरु संकलन गर्ने कार्य भइरहेको।
- **युवा सम्बन्धी कार्यक्रमहरुको अन्तरमन्त्रालय समन्वय र सहजीकरण गोष्ठी**
    - ➢ मा.मन्त्रीज्यूको अध्यक्षतामा अन्तरमन्त्रालय सहजीकरण समितिको गठन भएको।
    - ➢ युवा नीति माथि प्रदेसस्तरीय सुझाव संकलनको कार्य भइरहेको।
    - ➢ श्रीमान सचिवज्यूको अध्यक्षतामा अन्तरमन्त्रालय राष्ट्रिय युवा नीति अनुगमन तथा मूल्यांकन समिति गठन गर्ने कार्यका लागि सम्बन्धित सबै मन्त्रालयहरुमा प्रतिनिधिहरुको लागि पत्राचार भएको।
- युवा सम्बन्धी कार्यक्रमहरुको प्रदेश र स्थानीय तहको समन्वय र सहजीकरणका लागि प्रदेश र स्थानीय तहबाट आमन्त्रण गरिने पदाधिकारीहरुका विषयमा श्रीमान सचिवज्यूसँग प्रारम्भिक छलफल गरिएको।
- **संघ प्रदेश तथा स्थानीय तह अन्तरसम्बन्ध ऐन, २०७७ को दफा २२ मा व्यवस्था भएको विषयगत समितिको बैठक**
    - ➢ मातहतका निकायहरु राष्ट्रिय युवा परिषद्, नेपाल स्काउट, राष्ट्रिय खेलकुद परिषद् र युवा तथा साना व्यवसायी स्वरोजगार कोषका प्रतिनिधिज्यूहरु र श्रीमान सचिवज्यूको अध्यक्षतामा बैठक बसी उक्त समितिमा राखिने एजेण्डाहरुका विषयमा छलफल सम्पन्न भएको।
    - ➢ मातहतका निकायहरुमा उक्त समितिमा पेश गरिने एजेण्डाहरु माग गरी compile को काम भइरहेको।

**२. कानुन तथा फैसला कार्यान्वयन शाखाबाट सम्पादित कार्यहरु**

- राष्ट्रिय युवा नीति, २०८० को मस्यौदा निर्माण भई प्रदेश स्तरीय सुझाव संकलन क्रममा रहेको।
- राष्ट्रिय खेलकुद नीति, २०८० निर्माणको क्रममा रहेको

**३. कर्मचारी प्रशासन शाखाबाट सम्पादित कार्यहरु**

- दैनिक प्रशासनिक कार्यहरु गरिएको।
- मन्त्रालयको संगठन संरचना तथा व्यवस्थापन सर्भेक्षणका लागि समिति गठन गरी सहमतीका लागि अर्थ मन्त्रालयमा पठाइएको।
- जिन्सी निरिक्षण प्रतिवेदन तयार भई मूल्याङ्कनको प्रकृयामा रहेको।
- करार कर्मचारीहरुसँग पहिलो र दोश्रो त्रैमासिकको लागि करार सम्झौता गरिएको।

**४. आर्थिक प्रशासन शाखाबाट सम्पादित कार्यहरु**

- दैनिक आर्थिक प्रशासनको कार्य संचालन हुदै आएको।
- आर्थिक प्रशासन शाखासँग सम्बन्धित राय सुझाव प्रदान गरिएको।

**५. योजना अनुगमन तथा विकास सहायता शाखाबाट सम्पादित कार्यहरु**

- अर्धवार्षिक प्रगति समिक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भएको।
- आ.ब.२०८१/८२ को लागि प्रस्तावित वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा भएको।
- नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको प्रगति मासिक रुपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको।

**६. युवा उद्यमशील विकास तथा लगानी प्रवर्द्धनशाखाबाट सम्पादित कार्यहरु**

- **राष्ट्रिय युवा प्रतिभा सम्मान तथा युवा पत्रकारिता पुरस्कार**
  - राष्ट्रिय युवा प्रतिभा सम्मान र युवा पत्रकारिता पुरस्कार दुवैको लागि मिति २०८० पौष २३ गते ३० दिने सूचना प्रकाशन गरिएको।
  - राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यविधि, २०७२ को दफा ७ बमोजिम राष्ट्रिय युवा प्रतिभा छनौट सिफारिस समिति गठन गरी पदाधिकारीलाई पत्राचार गरिएको छ। युवा पत्रकारिता पुरस्कारको लागि युवा पत्रकारिता पुरस्कार कार्यविधि, २०७५ को दफा ६ बमोजिमको युवा पत्रकारिता पुरस्कार सिफारिस समिति गठन गरी पदाधिकारीलाई पत्राचार गरिएको छ।

**७. खेल संघसंस्था समन्वय शाखाबाट सम्पादित कार्यहरु**

- खेलाडीहरुको कार्य सहमति श्रम स्विकृति र गैर पर्यटकिय भिसाको लागि सिफारिस गरिएको।
- रग्वि, वक्सिङ र फेन्सिङ प्रशिक्षक नियुक्तिका साथै कार्य सहमति, श्रम स्वीकृति र गैर पर्यटकीय भिसाको लागि सिफारिस गरिएको।
- प्रशिक्षकका परिवार सहित डिपेन्डेन्ट भिसा सिफारिस गरिएको।
- खेलकुद पदाधिकारी लगायत खेलाडीलाई भिसा सिफारिस गरिएको।

**८. खेलकुद प्रवर्द्धन शाखाबाट सम्पादित कार्यहरु**

- खेलकुद शिक्षक तालिम सञ्चालन कार्यक्रम अन्तरगत गण्डकी प्रदेशको शिक्षा तालिम केन्द्रसँगको सम्झौता बमोजिम २९ जना खेलकुद शिक्षकहरुलाई तालिम प्रदान गरिएको।
- खेलकुदमा प्रतिबन्धित औषधी सेवा एवं विधि विरुद्धको सचेतना कार्यक्रम अन्तर्गत धनुषा, रामेछाप र ओखलढुंगामा ५० जनाका दरले जम्मा १५० जनाको सहभागितामा सचेतना कार्यक्रम सञ्चालन गरिएको।
- खेलकुदमा लैङ्गिक हिंसा सम्बन्धी कार्यक्रम अन्तरगत तनहुँ र पाल्पामा ५०/५० जना गरी जम्मा १०० जनाको लागि सचेतना कार्यक्रम सञ्चालन गरिएको।

**९. खेलकूद प्रतियोगिता शाखाबाट सम्पादित कार्यहरु**

- अन्तराष्ट्रिय पदक बिजेता खेलाडी र राष्ट्रिय खेलाडीबीच अन्तरक्रिया कार्यक्रम कार्तिक महिनामा दोलखामा सम्पन्न भएको ।
- खेलाडी दुर्घटना न्यूनीकरणका लागि सचेतना बारे कार्यक्रमको आवश्यक तयारी गरिएको

**१०. खेलकुद पूर्वाधार शाखाः** दैनिक प्रशासनिक कार्यहरु गरिएको ।

